स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



गायक, संगीतकार तथा अभिनेता प्रकाश सपूतको निर्देशनमा तयार भएको पहिलो फिल्म "वसन्त"को ट्रेलर सार्वजनिक गरिएको छ । शनिबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक ४ मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तुबारे महत्वपूर्ण प्रकाश पारेको छ । जनआन्दोलनको समय अर्थात् ०६२/६३ सालको परिवेशमा तयार पारिएको फिल्मले जात व्यवस्थाविरुद्धको कथा उठाएको छ ।

**आजको विचार...**



विवेक चौधरी

ट्राफिक...
(दुई पेजमा)



यही चैत १५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म "डेरी"कोएकसाथ १० वटा क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका प्रमुख कलाकारहरु अरुण लामा, अञ्जना बराइली, राज पौडेललाई क्यारेक्टर लुकसमा प्रस्तुत गरिएको पोस्टरले फिल्मको कथावस्तुबारे पनि जानकारी गराउँछ ।

## मौसमी फ्लु रोकथामका उपाय

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुन पानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोइरहने बानी नगरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❐ वर्ष ३० ❐ अंक २३८ ❐ २०८१ चैत ११ गते सोमबार 24 March 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाँच वर्षभित्र लुम्बिनीलाई अर्गानिक प्रदेश बनाउने योजनामा छौं : मुख्य सचिव अधिकारी

रामचन्द्र रायमाझी

**पाल्पा, चैत १०**/लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले लुम्बिनी प्रदेशलाई पाँच वर्षभित्र अर्गानिक प्रदेश मनाउने योजना अगाडि बढाएको बताएका छन् । आइतबार डिभिजन वन कार्यालय पाल्पाले आयोजना गरेको सरोकारवालाहरुसँगको समन्वय गोष्ठीलाई तानसेनमा सम्बोधन गर्दै उनले प्रदेशलाई अर्गानिक बनाउने गरी प्रदेश सरकार अगाडि बढेको बताएका हुन् ।

हरेक वर्ष प्रांगारिक मलको कम्पोनेट बढाउँदै लैजाने र रासायनिक मलको कम्पोनेट घट्दै पाँच वर्षभित्र लुम्बिनीलाई अर्गानिक प्रदेश बनाउन छलफल भइरहेको मुख्य सचिव अधिकारीले बताए । उनले भने 'रासायनिक मलमा अनुदान दिएर हामीले विषादी किनाएका छौं, पैसा तिरेर उपभोक्ताले विषादी खाइरहेका छौं, यसको अत्यन्त गर्नकै लागि प्रदेश सरकार योजनावद्ध रुपमा अगाडि बढेको यहाँहरुलाई जानकारी गराउन्छु ।'

जंगलमा खेर गइरहेका पातपतिंगरहरुको सदुपयोग गर्ने गरी प्रांगारिक मलको उत्पादन गर्ने प्रमुख सचिव अधिकारीले बताए । उनले भने 'एकातिर मल उत्पादन हुने अर्कोतर्फ केही मानिसहरुले रोजगारी पाउने हुन्छ, हामीले रोजगार र मानविय स्वास्थ्यलाई समेत यो योजनामा समेट्ने छौं ।' प्रमुख सचिव अधिकारीले अर्गानी पहाडबाट सुरु गरी तराईसम्म विस्तार गर्ने बताए । उनले प्रदेशमा उत्पादन हुने अर्गानिक कृषिवस्तु विदेशमसम्म बढाउन सकिने धारणा व्यक्त गरे । 'प्रदेशलाई अर्गानिक बनायौं भने मानिसले स्वच्छ खाना पाउने र निरोगी हुने छन्, त्यति मात्र हैन वनमा झरेका पातपंतिगरहरुको सदुपयोग भई डढेलो समेत नियन्त्रण गर्न सकिने र रोजगार समेत सिर्जना हुन्छ' सचिव अधिकारीले भने । वनबाट थुप्रै सम्भावना भएकाले त्यसको उपयोग गरी आमनागरिकलाई आयआर्जनसँग जोड्नुपर्नेमा उनले जोड दिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले सुख्खा मौसम सुरु भएकाले डढेलोका घटनाहरु बढ्न सक्ने भएकाले लाग्न नदिन सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्न आग्रह गरे । उनले डढेलो नियन्त्रणका लागि आवश्यक जनशक्ति र उपकरण तयारी अवस्थामा राखिएको समेत बताए । प्रजिअ सुवेदीले कुकाठका सट्टा मूल्यवान काठ जंगलमा लगाएर उपभोक्ताहरुलाई आयआर्जनसँग जोड्न वन कार्यालयलाई आग्रह गरे । डिभिजन वन कार्यालयका सिनियर डिभिजन अधिकृत नारायणदेव भट्टराईले वन, वन्यजन्तुको सरंक्षण र उपभोक्ताको आयआर्जन गर्ने/गराउने दिशामा वन कार्यालयले प्रथामिकताका साथ काम गर्दै आएको बताए । उनले डढेलो लाग्नै नदिने गरी सचेतना र पूर्व सावधानीका कार्यक्रमहरुलाई तिव्रताका साथ अगाडि बढाएको उल्लेख गरे । सामुदायिक वन महासंघ लुम्बिनी प्रदेशकी अध्यक्ष कल्पना भण्डारीले सामुदायिक वनका उपभोक्ताहरु अत्यन्त मर्कामा परेको बताईन । उनले काठ जंगलमा खेर गइरहेको तर त्यसबाट आम्दानी गर्ने कुरामा सरकारले ध्यान नदिएको गुनासो गरिन् । तिनाउ सामुदायिक वन समन्वय समितिका अध्यक्ष दलबहादुर गुरुङले भौगोलिक बनावटका कारण तिनाउ क्षेत्रमा डढेलोले सताउने गरेको बताए । उनले व्यंग्य गर्दै भने 'वन डढेको सबैले देख्छन् तर मन डढेको कसैले देख्दैन, तिनाउवासीहरुलाई तल्लो तटीय क्षेत्रबाट आएको डढेलोले निकै सताउने गरेको छ । हामीले अग्नी रेखा निर्माण गरे पनि चुरे क्षेत्रका कारण त्यो प्रभावकारी बन्न सकेको छैन् ।' पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्तिप्रसाद न्यौपानेले डेढेलो सचेतनाका लागि पाल्पाका मिडियाहरुले महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । खुला छलफलमा पत्रकारहरु भरत शर्मा, माधव अर्याल, स्थानीय उपभोक्ताहरु लीला अर्याल, मानबहादुर राना, प्रज्वललाल शाक्य, विनोद बस्याल लगायतले डेढेलो नियन्त्रणमा सरोकारवाला निकाय गम्भीर बन्नुपर्ने, वृक्षारोपण गरेर मात्र नहुने त्यसको संरक्षणमा पनि ध्यान दिनुपर्ने, काठ विक्रीमा सरकारी दररेट संमायोजन गर्नुपर्ने, वनलाई पर्यटनसँग जोडेर लैजानुपर्ने जस्ता कुराहरुमा जोड दिएका थिए । डिभिजन वन कार्यालयका सिनियर डिभिजन अधिकृत नारायणदेव भट्टराईको अध्यक्षता, कार्यालयका प्रशासन अधिकृत सुशिल ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।



## 'मान्छेले बाँदर हैन, बाँदरले मान्छे धपाउन थाल्यो'

**पाल्पा, चैत १०/** पाल्पाका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले मान्छेले बाँदर हैन, बाँदरले मान्छे धपाउन थालेको बताएका छन् ।

डिभिजन वन कार्यालय पाल्पाले आईतबार तानसेनमा आयोजना गरेको सरोकारवालासँगको समन्वय गोष्ठीमा जिल्लामा बाँदरका कारण देखा परेका समस्या र ग्रामीण क्षेत्रका जनताले पाएको सास्तिका विषयमा चर्चा गर्दै उनले यस्तो बताएका हुन् ।

प्रजिअ सुवेदीले भने 'बाँदर आतंकले गर्दा समस्या आएको छ । यस्तो अवस्था आयो कि, अब मान्छेले बाँदर धपाउने भन्दा पनि बाँदरको बथानले घर घेरेपछि, मान्छे नै घर छोडेर बाहिर बस्नुपर्ने अवस्था आयो ।' उनले गाउँ गाउँबाट बाँदरले दुख दिएको भन्दै आफुलाई फोन आउने गरेको सुनाए । 'मलाई गत साता एउटा फोन आयो, हाम्रो टोलका घरमा बाँदरको हुल पस्यो, हामी घर छोडेर बाहिर नजिकैको बारीमा बसिरहेका छौं, तुरुन्तै सुरक्षा दिनुपर्ने भो, अनि मैले तत्काल प्रहरी पठाए र बाँदर भाँगे' प्रजिअ सुवेदीले भने 'अहिले त यतिसम्म बाँदरले दु:ख दिएको छ, अब मानिसले बाँदर भन्दा पनि, बाँदरले नै मानिसलाई घर छोडेर भाग्नुपर्ने अवस्था छ ।'

## संक्षिप्त समाचार


### गोली चल्दा तीन जनाको मृत्यु

(रासस/एएनआई)

**लस क्रुसेस, चैत १०**/संयुक्त राज्य अमेरिकाको एक राज्य न्यु मेक्सिकोमा गोली चल्दा तीन जनाको मृत्यु भएको छ भने अन्य १५ जना घाइते भएका छन् । लास क्रुसेस प्रहरीको फेसबुक पोस्ट अनुसार, स्थानीय समय अनुसार राति १० बजेतिर भएको सशस्त्र आक्रमणमा दुई १९ वर्षीय र एक १६ वर्षीय किशोरको मृत्यु भएको छ । पीडितहरूको पहिचान अज्ञात छ । प्रहरीका अनुसार घाइते व्यक्तिहरू १६ देखि ३६ वर्ष उमेरका छन् । आक्रमणको सम्बन्धमा अहिलेसम्म कसैलाई पनि पक्राउ गरिएको छैन, तर प्रहरीले सक्रिय रूपमा धेरै सुरागहरू खोजिरहेको छ ।"लस क्रुसेसका प्रहरी प्रमुख जेरेमी स्टोरीले एक पत्रकार सम्मेलनमा यङ्ग पार्कमा एउटा 'अवैध कार शो' मा दुई समूहबीचको झगडा गोलीबारीमा परिणत भएको बताए । घटनास्थलबाट प्रहरीले पेस्तोल बरामद गरेको उनले बताए ।

घटनाले फेसबुक पोस्टमा घाइतेको सङ्ख्या १४ बाट १५ पुग्यो । लस क्रुसेस फायर चीफ माइकल डेनियलले एक पत्रकार सम्मेलनमा सात घाइतेहरूलाई स्थानीय अस्पतालबाट थप उपचारको लागि एल पासो लगिएको बताए । चार जना बिरामी उपचार गरेर डिस्चार्ज भइसकेका छन् । अन्य चार जनाको अवस्था भने अज्ञात रहेको उनले उल्लेख गरे ।


## कालीगण्डकी नदीमा भारतीय युवक मृत भेटिए



**पाल्पा, चैत १०**/भारतीय एक युवक कालीगण्डकी नदीमा मृत फेला परेका छन् । पाल्पाको बगनासकाली गाउँपालिका-५, राम्दीस्थित कालीगण्डकी नदीमा नुहाउने क्रममा बेपत्ता भएका भारतको उत्तर प्रदेश गोरखपुरका २५ वर्षीय शिवम पाण्डेय आइतबार मृत फेला परेका हुन् ।

चैत ६ दिउँसो नुहाउने क्रममा पाण्डेय बेपत्ता भएका थिए । उनको शव राम्दी घाटदेखि झण्डै एक किलोमिटर तल्लो भागमा बगेको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सुनिल मल्लले जानकारी दिए । पोखराबाट घुमेर घर फर्किएका पाण्डेसहित ४ जना कालीगण्डकीमा नुहाउन गएकामा पाण्डेय डुबेर बेपत्ता भएको प्रहरी नायब उपरीक्षक मल्लले बताए ।

## गुल्मीमा अलपत्र करोडौँका सरकारी गाडी



**तम्घास, चैत १०**/गुल्मीमा करोडौं मूल्य पर्ने सरकारी सवारी अलपत्र परेका छन् । जिल्ला समन्वय समिति, नेपाल टेलिकम, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री आधुनिकीकरण परियोजना, वन कार्यालय, गुल्मी अस्पताललगायतका कार्यलयमा सरकारी सवारी साधन अलपत्र अवस्थामा रहेका हुन् ।

मोटरसाइकल, डोजर, चारपांग्रे सवारी, एम्बुलेन्स लगायतका सवारी प्रयोगविहिन अवस्थामा छन् । तीमध्ये कतिपयको सरकारी कार्यालयमा अभिलेख छैन । २०६८ सालदेखि नेपाल टेलिकम, गुल्मीको कार्यालय अगाडि चेनवाला बुल्डोजर अलपत्र छ । डोजरका अधिकांश काम लाग्ने सामग्रीहरु भने चोरी भएका छन्भने बाँकी भाग पनि झारपातले पुरिएको अवस्थामा रहेको टेलिकमका निमित्त प्रमुख शङ्कर मरासिनीले बताए । त्यस्तै जिल्ला समन्वय समितिको प्राङ्गणमा चारवटा सवारी निकै जीर्ण र अलपत्र अवस्थामा थन्किएका छन् । समन्वय समितिको कुनामा बा १ झ ६६० र बा १ झ ६६८१ नम्बरको ल्यान्डरोभर कम्पनीका गाडी थन्किएका छन् । दुवै गाडीको मूल्य तत्कालीन समयमा रु ८० लाखको अनुमान गरिए पनि हालको मूल्य भने करिब तीन करोड पर्ने बताइएको छ ।

समन्वय समितिकै अगाडिपट्टि बा १ झ ६६० नम्बरको गाडी पनि प्रयोगविहीन अवस्थामा छ । करिब नौ लाख खर्चिएर सो गाडीलाई पुन: सञ्चालनमा ल्याउन सकिने बताइन्छ । सो गाडी हालको मूल्य करिब एक करोड ५० लाखभन्दा बढी पर्ने अनुमान गरिएको छ । समन्वय समितिकै प्राङ्गणमा नम्बर प्लेट नै नभएको कालो रङको अर्को गाडी पनि मिल्किएको अवस्थामा छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## क्षयरोग दिवसको औचित्य

**अन्तर्राष्ट्रिय क्षयरोग दिवस आज नेपालसहित विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक बर्षको मार्च २४ मा यो दिवस मनाउने गरिन्छ । नेपालमा क्षयरोग सम्बन्धित संघसंस्थाहरुले यो दिवस मनाउँदै छन् । २४ मार्च १८८२ मा चिकित्सक रोबर्ट कोचले शरीरमा क्षयरोगको कीटाणु पत्ता लगाएको एक सय वर्षपछि क्षयरोग बारे जनचेतना जगाउनका लागि यो दिवस मनाउन थालिएको हो । हरेक वर्ष यो दिवस मनाईए पनि क्षयरोगका विरामीहरुको संख्यामा कमी आउन सकेको छैन ।**

**नेपालमा क्षयरोग एक प्रमुख जनस्वास्थ्य समस्याको रुपमा रहेको छ । क्षयरोग माइक्रोव्याटेरियल टयूवरकुलाई भन्ने व्याक्टेरियाको संक्रमणबाट हुने सरुवा रोग हो । यो रोग स्वासप्रश्वासको माध्यमबाट सर्दछ । रोग नियन्त्रणमा उपलब्ध स्रोत र साधनको समुचित परिचालन गरि वर्तमान अवस्थामा नेपालले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड पुरा गर्दै आएको छ । तर नेपालमा अझै पनि १० देखि १३ हजार क्षयरोगी उपचारको पहुँचमा आएका छैनन् । यसको अर्थ क्षयरोग अर्थात् टिबी नियन्त्रण गर्न सरकारी निकाय नै कमजोर रहेको मानिन्छ । यसले सन् २०३५ सम्म टिबी रोग नियन्त्रण गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धताप्रति चुनौती दिने देखिएको छ ।**

**क्षयरोगको न्यूनीकरणमा तिनै तह सरकार, गैरसरकारी संस्था, लक्षित समूहको भूमिका महत्वपूर्ण हुन्छ । क्षयरोग रोकथामका लागि स्वास्थ्य संस्थामा आवश्यक दक्ष स्वास्थ्य जनशक्तिसहित आवश्यक साधन स्रोत हुनुपर्छ । आमनागरिकलाई प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्छ । स्वास्थ्य संस्थामा आधुनिक सूचना प्रविधिको विकास गरी सेवाप्रवाहलाई गुणस्तरीय बनाई स्वास्थ्यकर्मीलाई आफ्नो कार्यक्षेत्रमा उत्साहसाथ कार्य गर्ने वातावरण मिलाउन आवश्यक छ । यसो भएमा मात्र क्षयरोगको न्यूनीकरण गरी लक्षित समूहको स्वास्थ्य सुरक्षा गर्न सकिनेछ । तब मात्र हरेक वर्ष मार्च २४ मा मनाइने विश्व क्षयरोग दिवसको औचित्य रहन्छ ।**

### Opinion @ Social Network

सपना देख्ने हो भने घडी हेर, सपना पूरा गर्ने हो भने काम गर !

*(रेश्म थापाको फेसबुक स्टाटस https://www.facebook.com/thapa.resham25)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ट्राफिक नियम उल्लंघन: जरिवाना र पुनरावेदन प्रक्रिया



**विवेक चौधरी**

सडक सुरक्षा र यातायात व्यवस्थापनको अभिन्न अंग ट्राफिक नियम हुन् । यी नियमहरूको पालना सुनिश्चित गर्न ट्राफिक प्रहरीले जरिवाना लगाउने अधिकार राख्दछ । तर, ती जरिवाना अन्तिम होइन, ट्राफिक प्रहरीले गरेको कारबाहीमा चित्त नबुझेमा नेपालको प्रचलित कानुनले प्रष्ट कानुनी उपचार दिएको छ सोअन्तर्गत सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले ट्राफिक नियम उल्लंघनमा गरिने जरिवाना र त्यसको पुनरावेदनको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ मा भएका कतिपय प्रावधान उल्लंघन भएको अवस्थामा ट्राफिक प्रहरीले कारवाही गरी जरिवाना गर्नसक्ने प्रावधान रहेकोमा ट्राफिक प्रहरीले कतिपय अवस्थामा जरिवाना गर्दा आफूखुसी गर्ने गरेको, ट्राफिक प्रहरीले गरेको जरिवानाको विषयलाई लिएर कहींकतै पनि उजुरी गर्ने निकाय हालसम्म नभएको भन्ने होइन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को प्रस्तावनालाई हेर्दा सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा-व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने उद्देश्यका साथ उक्त ऐन जारी भएको हो । उक्त ऐनका विभिन्न दफाहरूमा नेपालको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सम्बन्धमा विभिन्न कानुनी प्रावधान छन् । नेपालको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सन्दर्भमा नै उक्त ऐनको दफा १६४(१) मा (क) देखि (न) सम्म ट्राफिक संकेत वा ईशारा उल्लंघन गरी सवारी चलाएको, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको, बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएको, चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको लगायत कसुर उल्लेख गर्दै ती कसुर पहिलोपटक गर्नेलाई पाँच सय रूपैयाँ, दोस्रोपटक गर्नेलाई एक हजार रूपैयाँ र तेस्रोपटक वा सो भन्दा बढीपटक गर्नेलाई एक हजार पाँच सय रूपैयाँको जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछ कानुनी व्यवस्था गरेको छ ।

*सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ मा भएका कतिपय प्रावधान उल्लंघन भएको अवस्थामा ट्राफिक प्रहरीले कारवाही गरी जरिवाना गर्नसक्ने प्रावधान रहेकोमा ट्राफिक प्रहरीले कतिपय अवस्थामा जरिवाना गर्दा आफूखुसी गर्ने गरेको, ट्राफिक प्रहरीले गरेको जरिवानाको विषयलाई लिएर कहींकतै पनि उजुरी गर्ने निकाय हालसम्म नभएको भन्ने होइन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को प्रस्तावनालाई हेर्दा सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा-व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने उद्देश्यका साथ उक्त ऐन जारी भएको हो । उक्त ऐनका विभिन्न दफाहरूमा नेपालको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सम्बन्धमा विभिन्न कानुनी प्रावधान छन् । नेपालको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सन्दर्भमा नै उक्त ऐनको दफा १६४(१) मा (क) देखि (न) सम्म ट्राफिक संकेत वा ईशारा उल्लंघन गरी सवारी चलाएको, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको, बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएको, चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको लगायत कसुर उल्लेख गर्दै ती कसुर पहिलोपटक गर्नेलाई पाँच सय रूपैयाँ, दोस्रोपटक गर्नेलाई एक हजार रूपैयाँ र तेस्रोपटक वा सो भन्दा बढीपटक गर्नेलाई एक हजार पाँच सय रूपैयाँको जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछ कानुनी व्यवस्था गरेको छ ।*

सोही दफाको उपदफा (२) उक्त जरिवाना रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पुर्जी दिने व्यवस्था रहेको, सोही दफाको उपदफा (३) मा उल्लेखित कसुर गर्दाको बखत कसुरदारलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई हुने जरिवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पुर्जी दिने कानुनी व्यवस्था गरेको छ ।

त्यस्तै, उपदफा (५) मा उल्लेखित समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालयसमक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महीनासम्मका लागि निलम्बन गर्न सक्ने र निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नुबझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनाको लागि निलम्बन गर्नसक्ने र उपदफा (६) मा निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्नसक्ने कानुनी व्यवस्था छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा उल्लेखित कानुनी व्यवस्थाबाट ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सन्दर्भमा ट्राफिक नियम उल्लंघन भएको अवस्थामा ट्राफिक प्रहरीले कारबाही गरी जरिवाना गर्नसक्ने अधिकार छ । साथै ट्राफिक प्रहरीले सो अधिकारको प्रयोग आफूखुसी गर्न नपाउने र तोकिएको प्रक्रियाअनुसार गर्नुपर्ने कुरा कानुनमै स्पष्ट रूपमा उल्लेख छ । यदि ट्राफिक प्रहरीले आफूलाई प्राप्त ट्राफिक नियम उल्लंघनमा जरिवाना गर्नसक्ने अधिकारको प्रयोग आफूखुसी गरेको अवस्थामा सोउपर कस्तो उपचार प्राप्त हुन्छ ? भन्ने सन्दर्भमा हेर्दा ऐ.ऐनको दफा १७१ मा देहाय बमोजिमको पुनरावेदनसम्बन्धी व्यवस्था रहेको छ । दफा '१७१.पुनरावेदन- (१) यस ऐनबमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेशउपर विभागसमक्ष पुनरावेदन लाग्नेछ ।

(२) यस ऐनबमोजिम विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतसमक्ष पुनरावेदन लाग्नेछ ।' माथि उद्धृत कानुनी व्यवस्था समेतलाई हेर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ अनुसार उक्त ऐनविपरीत कार्य गर्नेलाई यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्नसक्ने, यसरी यातायात निरीक्षक वा प्रहरीले गरेको सजायमा चित्त नबुझेमा ऐ.ऐनको दफा १७१ बमोजिम त्यस्तो निर्णय वा सजायको आदेश उपर यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन गर्नसक्ने व्यवस्था रहेको र उक्त विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ । यसरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा दण्ड सजायको व्यवस्था, सजाय गर्ने अधिकारी तथा सजाय उपरको पुनरावेदनसमेत गर्नसक्ने व्यवस्था रहेबाट ट्राफिक नियम उल्लंघन भएको अवस्थामा ट्राफिक प्रहरीले कारबाही गरी जरिवाना गरेको विषयमा न्यायिक निकायबाटै अन्तिम निर्णय गर्नसक्ने गरी कानुनी व्यवस्था छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को देहाय (ज्ञ)३ मा 'विभाग' भन्नाले नेपाल सरकार, निर्माण तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग सम्झनुपर्छ भनी उल्लेख भएबमोजिम ऐ.ऐनको दफा १६४ अनुसार ट्राफिक व्यवस्थापन गर्नका लागि सम्बन्धित ट्राफिक प्रहरी समेतलाई प्राप्त अधिकारको दुरुपयोग गरी ट्राफिक प्रहरीले आफूखुसी जरिवाना गरेमा सोउपर ऐ.ऐनको दफा १७१ अनुसार यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन लाग्ने र उक्त विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतसमक्ष पुनरावेदन लाग्ने कानुनी व्यवस्था गरिएको छ, ट्राफिक व्यवस्थापन सन्दर्भमा ट्राफिक प्रहरीले गरेको जरिवाना नै अन्तिम रहन सक्नेगरी कानुनी व्यवस्था गरेको नभई ट्राफिक प्रहरीले गरेको कारबाहीउपर यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन लाग्नसक्ने र विभागले गरेको निर्णयउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ । कानुनले नै गरेको उपचारसम्बन्धी व्यवस्था तथा पुनरावेदकीय अधिकारसमेत दिएको छ । ***(लेखक चौधरी कानुनको विद्यार्थी हुनुहुन्छ ।)***

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : तपाईंको आत्मविश्वास बढ्नेछ। नयाँ अवसर प्राप्त हुने सम्भावना छ । | **तुला** : मित्रहरूसँग राम्रो समय बित्नेछ। कुनै नयाँ योजना बनाउन सक्नुहुन्छ । |
| **वृष** : आर्थिक मामिलामा सतर्क रहनुहोस्। पारिवारिक माहोल राम्रो हुनेछ । | **वृश्चिक**: पुरानो योजना सफल हुनसक्छ। यात्राको सम्भावना छ । |
| **मिथुन** : प्रेम जीवनमा सकारात्मक ऊर्जा रहनेछ । स्वास्थ्यमा ध्यान दिनुहोस् । | **धनु** : नयाँ काम सुरु गर्न राम्रो समय। परिश्रम अनुसार सफलता पाइनेछ। |
| **कर्कट** : विद्यार्थी र शोधकर्ताहरूका लागि राम्रो दिन । आत्मविश्वास बढ्नेछ । | **मकर** : वैदेशिक अवसरका लागि प्रयास गर्दा राम्रो नतिजा मिल्न सक्छ । |
| **सिंह** : घरपरिवारमा रमाइलो माहोल रहनेछ। व्यापारिक कामहरूमा लाभ मिल्नेछ। | **कुम्भ** : मानसिक शान्ति प्राप्त हुनेछ। आध्यात्मिक गतिविधिमा मन जानेछ । |
| **कन्या** : तपाईंको धैर्यको परीक्षा हुन सक्छ। अफिसमा केही चुनौती आउन सक्छ । | **मीन** : तपाईंको लगनशीलताले सफलता दिलाउनेछ । स्वास्थ्यमा सुधार आउनेछ। |




# मोबाइलको लत र हाम्रो शिक्षा नीति

कुनै पनि कुरा बार बार दोहोऱ्याइरहने प्रक्रियाबाट मानिसमा लतको बिकास हुन्छ। पटक पटक जब हामी कुनै क्रिया गर्दछौं, त्यसबाट एक किसिमको नसा लाग्छ। उही काम हामीलाई पुन गरु गरु लाग्ने हुन्छ। जुन टाइममा हामीले त्यो क्रिया गर्ने गर्दछौं उही टाइममा त्यो नगरे औडाहा नै हुने हुन्छ।

यसरी हेर्दा टाइममा खाना खाजा खाने, टाइममा दिसा पिसाब गर्ने, टाइममा सुत्ने र ब्यक्तिगत सरसफाइका कुरा पनि हाम्रो लत वा बानी नै हो। निरन्तर दोहोऱ्याइरहने क्रियाको फलस्वरुप हाम्रो शरीर मन मष्तिष्कले माग गर्ने निश्चित टाइमको निरन्तरता हो। खाना खाने बेलामा खाना नखाए हामीलाई भोगको महसुस हुन्छ। समयमा नसुतेमा पनि हामीलाई निन्द्रा लागेकै हुन्छ। बिहान सबेरै नित्य कर्मकोलागि हामी आतुर हुने हुन्छौं। यो सबै लत हाम्रो बंश बंशाणुगत रुपमा हुर्केको निरन्तरताको कारण हामीमा उत्पन्न भएको हो। खाना खानु, निन्द्रा लाग्नु, आराम गर्नु, रुनु हास्नु, संबेदनाहरु ब्यक्त गर्नु, मनोरन्जन गर्न मन पराउनु, सृष्टि धान्नु आदि त मानिसको जन्मजात गुण हो। तर यी सबै कर्म कुन समयमा गर्ने भन्ने कुरा र के खाने र के नखाने भन्ने कुरा आर्जित हो। टाइम ब्यबस्थापनको कुरा मानिसको निरन्तर गर्ने कर्मबाट बसेको लत हो। यी कुराहरु मानिसहरुको आफ्नै ब्यबहारहरुले प्रमाणित गरेको तथ्य हो। लतहरु पनि सकारात्मक र नकारात्मक हुन्छन्। मादक पदार्थ सेवन गर्ने, धुमपान गाँजा चरेस पान सबै नकारात्मक लतहरु हुन्। खाना नखाए मानिस बाच्दैन तर धुमपान र मद्यपान नगरेपनि मानिस बाच्दछ। तैपनि मानिस धुमपान र मद्यपानकालागि सधैं लालायित हुन्छ। यसको अर्थ मानिसमा पटक पटक सेवन गर्ने निरन्तरताको कारण लतको रुपमा यो बिकास भयो।

सुरु सुरुमा साथी संगीका कारण र पछि लतका कारण मानिस यस किसिमको नकारात्मक लतमा फसेको पाइन्छ। जुन चीजले स्वास्थ्यमा फाइदा गर्दैन भन्ने स्वयंलाई थाहा छ तर लतको कारण उ यसलाई छोडन सक्तैन। धुमपान स्वास्थ्यकालागि हानिकारक छ भन्ने बिज्ञापन चुरोटको बट्टामै दिएको छ तर मानिस त्यसको पनि प्रवाह नगरी सेवन गर्दछ। यसैले यो भन्न सकिन्छ लतको बिकास विज्ञापन भन्दा पनि जब्बर छ। त्यही सेवन गरेर मानिस मृत्युको मुखमै पुगेको छ तर मद्यपान गर्न उ छोड्दैन। यसैले नकारात्मक यस्तो लतलाई छिप्पिनु अघि नै रोकथाम गर्नु आवश्यक छ। लतहरु नकारात्मक मात्रै छैनन् सकारात्मक पनि छन्। कविता लेखिरहने लतको कारण कसैलाई कवि बनायो। रामायण महाभारत जस्ता महाकाव्य र भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा आदि जस्ता आदि कवि र महाकवि पनि यहि लतले नै जन्मायो। ठूला ठूला लेखक, उपन्यासकार, नाटककार, कथाकार र बिभिन्न बिधाका पात्रहरु प्नि यहि लतले नै जन्मायो। यहाँसम्म कि आविष्कारकहरु पनि लत कै परिणाम मान्नुपर्छ। निरन्तर झन्झट नमानी बिभिन्न प्रयोग गरिरहने लत नहुँदो हो त संसारमा कुनै कुराको आविष्कार नै हुँदैन थियो। बार बारको असफलतामा पनि हरेस नखाने प्रबृत्ति बैज्ञानिकहरुमा हुन्छ। यसैले हरेक पेसा ब्यबसाय सबै लत कै परिणाम हुन्। लतकै कारण संसारको बिकास आजको यो आधुनिक जमानामा आइपुगेको हो। प्रविधिले फड्को मार्दै हामी अहिले संसार सबै हातमै अटाउने प्रबिवि सम्पन्न मोबाइलको जमानामा आइपुगेका छौं। सूचना प्रविधिको इतिहासलाई हेर्दा हामी सजिलै यहाँ आइपुगेका थिएनौं। ढुंगे युगदेखि कल्पना गर्ने हो भने मानिस कुनै जीव जन्तु वा सर्पको भय रहेको ठाँउमा त्यसकै चित्र ओडारको ढुगामा कोरेर छोडिदिने गर्दथे भन्ने इतिहास छ। अलि बिकसित भैसकेपछि एक ठाउँको खबर अर्को ठाउँ लान मानिस स्वयं दूतको रुपमा पुग्ने गर्दथे। हाम्रो धर्मग्रन्थमा नारद यस्तै दूतको एउटा उदाहरण हुन्। लिपीको बिकास तथा कागज र कलमको आबिष्कार भैसकेपछि अलि सजिलो जमाना आयो। चिठ्ठी लेखेर एक ठाउँको कुरा अर्को ठाउँमा पत्रबाहकको माध्यमबाट पुऱ्याउन थालियो। हुलाकको बिकास यसपछि नै भएको हो। सूचना र संचार पद्धतीको बारेमा कुरा गर्दा हाम्रो नेपालको इतिहासमा एउटा रमाइलो किस्सा छ। बिक्रम सम्बत् १४०६ मंसिर २२ मा सप्तग्रामका शासक समासुद्दिन इलियास शाह (जो पछि बंगालका स्वतन्त्र सुल्तान भए) ले दक्षिणतिरबाट आएर नेपाल उपत्यकामा हमला गरे। उपत्यकाका राजाले पश्चिम कर्णाली क्षेत्रका खस राजालाई सहयोगको लागि चिठ्ठी पठाए। पत्र पुगेर दलबलसहित खस राजा नेपाल उपत्यकामा आइपुगे पनि। तर उनी आइपुग्दा हमला र लुटपाट गरी आक्रमणकारी फर्केको एक वर्ष भइसकेको थियो। सूचना र संचार त्यस जमानामा यती ढिला थियो कि त्यो कुनै कामकै थिएन। महान बैज्ञानिक अलेक्जेण्डर ग्रामवेलले पहिलोपटक टेलिफोनको आविवष्कार गरे। उनले १८७६ मार्च १० मा टेलिफोनको आविष्कार गरेका हुन्। जसबाट सूचना जगतलाई सजिलो बनायो। पछिल्लो समय सन १९०६ मा इटालियन बैज्ञानिक मार्कोनीले रेडियोको आबिष्कार गरे। तर आधिकारिक रुपमा रेडियोको प्रशारण अमेरिकाको पेन्सलभेनिया शहरबाट सन १९२० मा मात्र सम्भव भएको थियो। यसपछि भने बिश्वमा रेडियोको प्रशारण सबैतिर हुन थाल्यो। यसले सूचना जगतमा सकारात्मक भूमिका खेल्यो। यसपछि सन १९९६ मा बिश्व टेलिभिजन फोरमको आयोजना भएको थियो। यतिबेलासम्म टेलिभिजन आविष्कार भएको ६९ वर्ष पुगिसकेको थियो। मात्र २१ वार्षका युवा फिलोटेलर्स फन्सवर्थले पहिलोपटक सन् १९२७ मा टेलिभिजनको आबिष्कार गरेका थिए। टेलीभिजनको बिकास भइसकेपछि सूचना र संचार निकै भरपर्दो भयो। सन् १९७३ को अप्रिल ३ मा मार्टिन कूपरले मोबाइल फोनको आविष्कार गरे। उनी तत्कालीन मोटोरोला कम्पनीका इन्जिनिएर थिए। उनले किकास गरेको त्यो मोबाइल फोन बजारमा आइपुग्न १० वर्ष लागेको थियो। जसको मूल्य त्यतिबेला ३ हजार ९९५ अमेरिकी डलर थियो। अहिलेको अवस्थामा त्यो मूल्य कन्भर्ट गर्दा दश हजार अमेरिकी डलर पर्न आउँछ। जसको कारण त्यो सर्वसाधारणको पहुँच भित्र थिएन। अहिलेसम्म आउँदा त्यो मोबाइलको स्तर अभिवृद्धि र बिकाससमेत भएको मात्र नभै सबैको हात हातमा पुग्न सक्ने अवस्थामा मूल्य पनि झरेको छ। मोबाइलको यो जमानाले संचार क्षेत्र निकै सूसुचित भएको छ। मोबाइलको कारणले रेडियो टिभी मात्र हैन समय हेर्ने घडी र क्यामेरालाई समेत यसले बिस्थापित गरिदिएको छ। हुलाक सेवाका कर्मचारीहरुलाई आराम गरी घाम तापेर बस्ने बनाइ दिएको छ। मोबाइलको कारणले सारा संसार एकजना ब्यक्तिको मूठ्ठीमा अटने भएको छ। मोबाइलको कारण सूचना क्षेत्रमा आमुल परिवर्तन त सम्भब भयो नै तर हाम्रो देशको शिक्षा नीतिमा समेत सकारात्मक र नकारात्मक अवस्थाको श्रृजना गरेको छ । नकारात्मक यस कारण छ कि मोबाइलको लतको कारण परम्परागत रुपले शिक्षण गरिने हाम्रो शिक्षामा असर परेको छ। बालबालिकाहरु मोबाइल नहेरी खानै खाँदैनन् अजकल। खाना खाने बेलामासमेत उनीहरुलाई मोबाइल चाहिन्छ। शिशु कक्षादेखि माथिल्लो कक्षासम्मका बालबालिकामा यो लत नराम्ररी झाङ्गिएको छ। हाम्रा अबिभावक र शिक्षकहरु बालबालिकालाई यो लतबाट छुटाउन चाहन्छन्। कक्षामा मोबाइल लान नपाउने र एसइइ नसकेसम्म मोबाइल छुन पनि नपाउने जस्ता उर्दी पनि जारी गरिएको छ। तैपनि केहीसिप लागेको देखिँदैन। शिक्षकहरु पुस्तकमा भएको पढाउँछन्। चलाख बिद्यार्थीहरु गुगल सर्च गरेर त्यो भन्दा बढि सिक्छन् र पढ्छन्। जसबाट कक्षा कोठाको सिकाइभन्दा अझ फराकिलो शिक्षाको आवश्यकता समयले माग गरिरहेको छ। यसैले परम्परागत शिक्षा र शिक्षकलाई पनि पछि पार्ने लक्षण देखिएको छ। अबका शिक्षक प्रविधिमैत्री हुन नसकेमा वास्तबमै उनीहरु शिक्षा क्षेत्रबाट बिस्थापित हुनेछन्। अबको शिक्षा नीति पनि प्रविधि सम्पन्न नगरिएमा समयको माग र विद्यार्थीको भावनाको प्रतिकुल भै जमानासँग मेल नखाने कुरा निश्चित देखिएको छ। भबिष्यमा कक्षा कोठामा पुस्तक हैन ल्यापटप वा मोबाइल नै हुनेछ। जसबाट विद्यार्थीहरुले संसारमा भएको ब्यबसायिक शिक्षाको बारेमा अवलोकन गर्नेछन्। बिद्यालय परिसरमै भएको कार्यशालामा प्रयोगात्मक शिक्षा हासिल गर्नेछन्। ससाना बालबालिकाले पनि यूटुवको माध्यमबाट कक्षामा अक्षरहरु पढन सिक्नेछन्। यसैले सानोदेखि ठूलो कक्षासम्मको सबै पाठ्यक्रम अनुसारका पाठ्य पुस्तकहरु यूट्युव सर्च गरेर मनोरञ्जनात्मक तरिकाले हेर्न र पढ्न सक्ने बनाइनुपर्छ। शिक्षकहरुले पनि यस्तै कुरामा अभ्यस्त हुन सक्छन् र बिद्यार्थीहरुलाई प्रोत्साहन गर्न सक्छन्। यसरी मात्र मोबाइल हेर्ने बालबालिकाहरुको लतलाई सकारात्मक लतमा परिणत गर्न सकिन्छ। प्रविधि सम्पन्न शिक्षा आजको आवश्यकता हो। प्रविधि मैत्री शिक्षा बालबालिकाहरुको चाहना हो। यो कुरालाई राज्य सरकार र शिक्षा नीतिले बुझ्नुपर्छ। शिक्षकले पनि यो कुरालाई मनन गर्नु आवश्यक छ। *-डिसी नेपाल डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


# शिक्षा विधेयकमा सहमति जुटाउन उपसमिति बनाउँदै




विद्यालय शिक्षा विधेयकमा सहमति जुटाउन संसदीय उपसमिति गठन गरिने भएको छ । हाल यो विधेयक प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छ ।

सरकारले प्राथमिकतामा राखेको भनेको यो विधेयक १८ महिनादेखि संसदमा विचाराधीन छ । विधेयकका कतिपय प्रावधानमा सहमति जुट्न नसकेपछि विधेयक दफावार छलफलमा अगाडि बढ्न सकेको छैन । यो विधेयक २७ भदौ २०८० मा प्रतिनिधि सभामा दर्ता भएको थियो । सैद्धान्तिक छलफल गरेर प्रतिनिधि सभाले २०८० असोज २५ गते दफावार छलफल गर्न प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाएको थियो ।

संसदीय समितिमा विधेयक पुगेको पनि १७ महिना भइसक्यो । तर, विधेयक अगाडि बढ्न नसकेपछि उपसमिति बनाएर सहमति खोज्न लागिएको हो । शिक्षा समितिको आजको बैठकले उपसमिति गठन गर्ने तयारी छ । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिका सदस्य सरिता भुसाल भने आफूहरु विद्यालय शिक्षा विधेयक अगाडि बढाउने तयारीमै रहेको बताउँछिन् ।

'विद्यालय शिक्षा विधेयक यथाशक्य छिटो ल्याउन समिति लागिरहेका छ' एमाले सांसद भुसालले गत सोमबार प्रतिनिधि सभाको बैठकमा भनेकी थिइन् । विद्यालय शिक्षा विधेयक १५२ जना सांसदले १ हजार ७५८ वटा संशोधन प्रस्ताव दर्ता गरेका छन् । सांसदहरूले विधेयकको प्रस्तावनादेखि नै संशोधन गर्नुपर्ने प्रस्ताव गरेका छन् । पूर्वशिक्षामन्त्री तथा माओवादी केन्द्रका नेता देवेन्द्र पौडेल, कांग्रेस महामन्त्री गगन कुमार थापा, सांसदहरू जीवन परियार, पदम गिरी, गोकुल प्रसाद बास्कोटा, महेन्द्र बहादुर शाही, सुशीला श्रेष्ठ, प्रदिप यादव लगायत २२ सांसदले विधेयकको प्रस्तावनामा संशोधन प्रस्ताव गरेका हुन् । नेपाली विद्यार्थीलाई अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी र सक्षम बनाउन, समाजवाद निर्माणको ठोस आधार तयार गर्न, प्राविधिक, व्यावसायिक सिप र ज्ञान प्राप्त नागरिक उत्पादन गर्न र शिक्षामा सबै नागरिकलाई समान पहुँच स्थापित गर्न बाञ्छनीय भएकाले, संघीय संसदले ऐन बनाएको भनेर लेखिनुपर्ने उनीहरूको आग्रह छ ।

कतिपयले 'विद्यालयलाई क्रमशः सेवामूलक (गैरनाफामूलक) बनाउँदै लगिनेछ' भन्ने वाक्य थप्नुपर्ने प्रस्ताव राखेका छन् । निःशुल्क शिक्षाबारे प्रष्ट खाका विधेयकले तय गर्नुपर्ने संशोधन प्रस्ताव पनि सांसदहरूको छ । सांसदहरू गगन थापा र जीवन परियारले 'निःशुल्क शिक्षा भन्नाले विद्यालयले विद्यार्थी वा निजको अभिभावकबाट शिक्षण शुल्कको नाममा कुनै पनि शुल्क नलिइ प्रदान गरिने शिक्षा सम्झनु पर्छ' भनेर लेख्नुपर्ने प्रस्ताव राखेका छन् । निःशुल्क शिक्षा भन्नाले प्रारम्भिक बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म अभिभावकबाट कुनै पनि शीर्षकमा शुल्क नलिइ सबै विद्यालयमा देशैभरि निःशुल्क रूपमा दिइने शिक्षा सम्झनुपर्ने भनेर लेख्नुपर्ने प्रस्ताव अन्य सांसदहरूको पनि छ । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले 'निजी लगानीका विद्यालय भन्नाले ५ वर्षभित्र सार्वजनिक शैक्षिक गुठी वा सामुदायिक विद्यालयमा परिणत हुने विद्यालय सम्झनुपर्छ' भनेर लेख्ने प्रस्ताव राखेका छन् ।

शिक्षाको राष्ट्रिय मापदण्ड गरिनुपर्नेमा समेत सांसदहरूको संशोधन छ । प्रधानाध्यापक नियुक्तिको विषय, विद्यालय व्यवस्थापन समितिको विषयमा समेत सांसदहरूको संशोधन प्रस्ताव छ । शिक्षकको विषयमा पनि सांसदहरूको संशोधन छ । खासगरी शिक्षक कुन सरकार अन्तर्गत रहने भन्ने विषयमा बहस चलिरहेको छ । यी संशोधनकर्ता सांसदहरूसँग संसदीय समितिले एकसरो छलफल सकाएको छ । थप अगाडि बढाउन उपसमिति बनाउन लागिएको हो । *-अनलाइन खबर डटकम*


लुम्बिनी प्रदेश सरकार
**सहरी विकास तथा खानेपानी मन्त्रालय**
**खानेपानी तथा सरसफाई कार्यालय, पाल्पा**

## लिलाम बढावढ सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति: २०८१/१२/११**


यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८१/१२/२५ गते १२.०० बजे भित्र) लिलाम विक्रीमा सहभागि हुनको लागि निवेदन पेश गर्नुहुन यो लिलाम बढावढ आह्वान गरिएको छ ।

**१. लिलाम विक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण:**

| क्र.सं. | सामानको नाम | इकाई | परिमाण | कै. | क्र.सं. | सामानको नाम | इकाई | परिमाण | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | थान | १ | | २५ | Water Test Kit | थान | १ | |
| २ | टेलिभिजन | थान | १ | | २६ | अल्टीमिटर | थान | ८ | |
| ३ | डिजिटल क्यामेरा | थान | १ | | २७ | Cutting and Threading Machine | थान | १ | |
| ४ | डिस होम सेट | थान | १ | | २८ | Cut of Machine | थान | २ | |
| ५ | पानी फील्टर | थान | ४ | | २९ | टेबुल | थान | ११ | |
| ६ | उजुरी पेटिका | थान | १ | | ३० | स्टिल दराज | थान | ७ | |
| ७ | घडि(भित्ते/टेबुल) | थान | ४ | | ३१ | टि टेबल | थान | १० | |
| ८ | ग्यास चुल्हो | थान | ४ | | ३२ | कम्प्युटर टेबल | थान | १ | |
| ९ | डेस्कटप कम्प्युटर | थान | ७ | | ३३ | बेन्च | थान | ३ | |
| १० | ल्यापटप | थान | ६ | | ३४ | खाट पलङ लोबेड | थान | ६ | |
| ११ | प्रिन्टर | थान | ५ | | ३५ | र्‍याक | थान | २ | |
| १२ | फ्याक्स मेशीन | थान | १ | | ३६ | काठको दराज | थान | ८ | |
| १३ | कम्प्युटर मोनिटर | थान | १ | | ३७ | पिन बोर्ड | थान | १ | |
| १४ | हिटर | थान | १५ | | ३८ | Notice Board | थान | ४ | |
| १५ | टेबुल पंखा | थान | ४ | | ३९ | भिजिटर चेयर | थान | ३० | |
| १६ | जेनेरेटर | थान | ४ | | ४० | Concrete Cutter | थान | १ | |
| १७ | पम्प(पानी तान्ने) | थान | १ | | ४१ | टेलिफोन | थान | ३ | |
| १८ | यु पि एस | थान | ११ | | ४२ | जिपिएस मेशिन | थान | ४ | |
| १९ | बाइन्डिङ मेशिन | थान | १ | | ४३ | कुर्चि | थान | २५ | |
| २० | ड्रिल मेशिन | थान | ५ | | ४४ | सोफासेट | थान | २ | |
| २१ | वेल्डींङ मेशिन | थान | ६ | | ४५ | रिभल्वभिङ चेयर | थान | ५ | |
| २२ | इन्भर्टर | थान | १ | | ४६ | Pipe Cutter Machine | थान | ३ | |
| २३ | डिजिटल तराजु | थान | १ | | ४७ | Stove Kerosene | थान | १ | |
| २४ | Electric Grinder | थान | २ | | | | | | |

२. लिलाम बढाबढ न्यूनतम् विक्री मुल्य रु.३,७६,१४३।- बाट सुरु हुनेछ ।
३. निवेदन पेश गर्ने अन्तिम मिति र समय: मिति २०८१।१२।२५ गते १२.०० बजे भित्र ।
४. निवेदन पेश गर्नु अघि आफूले कबोल अंकको ५ प्रतिशत धरौटी नगद दाखिला गर्नुपर्नेछ ।
५. लिलाममा भाग लिन इच्छुक व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि/ संस्था, कम्पनी वा फर्मको हकमा दर्ता प्रमाण-पत्र, पान दर्ता प्रमाण-पत्र र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।
६. लिलाम बढाबढ हुने स्थान, मिति र समय :
(क) स्थान: खानेपानी तथा सरसफाई कार्यालय, पाल्पा (ख) मिति र समय: २०८१।१२।२५ गते दिनको ३.०० बजे ।
७. सकार गरेको सामान लैजाने अविधि: आफूले सकार गरेको सम्पूर्ण रकम चुक्ता गरी ७ दिन भित्र लैजानु पर्नेछ ।
८. लिलाम बढाबढ हुने दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।
९. अन्य जानकारीको लागि कार्यालय समयमा सम्पर्क राख्नु होला ।

# आज विश्व क्षयरोग दिवस




**पाल्पा, चैत १०/** आज विश्व क्षयरोग दिवस नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइदैं छ । हरेक वर्ष क्षयरोग निवारणका लागि विभिन्न कार्यक्रम गर्दै मार्च २४ तारिखका दिन यो दिवस मनाउने गरिएको छ ।

हरेक वर्ष क्षयरोग निवारणका लागि विभिन्न कार्यक्रम गर्दै मार्च २४ तारिखका दिन यो दिवस मनाउने गरिएको छ । सन् १८८२ मार्च २४ मा चिकित्सक रोबर्ट कोचले शरीरमा क्षयरोगको कीटाणु पत्ता लगाएसँगै एकसय वर्षपछिबाट आजकै दिनलाई क्षयरोग दिवस मनाउन सुरु गरिएको हो ।

क्षयरोग माईकोब्याक्टेरियम ट्युबरक्लोसिस नामको ब्याक्टेरियाका कारण लाग्ने रोग हो । श्वासप्रस्वासका माध्यमबाट सजिलै सर्ने क्षयरोगको संक्रमण मधुमेह, एचआईभी, मिर्गौला प्रत्यारोपण गरेका, क्यान्सर जस्ता प्रतिरोध क्षमता कम भएका रोगीलाई छिटो हुन्छ । एक जना क्षयरोगीले समयमा औषधि नगर्दा एक वर्षमा अरु १० देखि १५ प्रतिशतलाई रोग सार्ने चिकित्सकहरुले बताएका छन् ।

सक्रिय खालको क्षयरोग भएको व्यक्तिमा लगातार खोकी लाग्ने, खकारमा रगत देखिने, छाती दुख्ने, ज्वरो आउने, रातीमा पसीना आउने, थकाई लाग्ने, तौल कम हुँदै जाने जस्ता समस्या केही दिन या केही महिनासम्म देखिन्छ । यस्तो बेला तत्काल परिक्षण गराएर औषधी शुरु गरिहाले रोगबाट जोगिन सकिने चिकित्सकको सुझाव छ । क्षयरोग सजिलै उपचार हुने रोग भएकाले रोग लागेको थाहा हुनेबित्तिकै नियमित औषधी सेवन गरे यसबाट जोगिन सकिन्छ । औषधि नियमित खान छोडे कडा खालको संक्रमण हुने र ज्यानै जाने सम्भावना हुने भएकाले औषधिको नियमितताामा स्वास्थ्यकर्मीले जोड दिएका छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा निष्क्रिय क्षयरोग भएका १ सय मध्ये १५ लाई भविष्यमा सक्रिय क्षयरोग हुनसक्ने जनाएको छ । निष्क्रिय क्षयरोगको उपचार गरेमा भविष्यमा सक्रिय क्षयरोगमा परिणत हुने सम्भावना न्यून रहन्छ । विशेषगरी रगत, खकार, छाला परीक्षणबाट सक्रिय क्षयरोगको कीटाणुको अवस्थाका बारेमा पत्ता लाग्ने गर्दछ ।

## गुल्मीमा अलपत्र करोडौँका...

...ल्यान्डरोभर कम्पनीको उक्त गाडीको हालको नयाँ मूल्य डेढ करोड परे पनि खरिद मूल्यको अभिलेख भने कतै भेटिँदैन ।

गुल्मीमा डोजर र चारपाङ्गे सवारी मात्र होइन्, सरकारी मोटरसाइकलको पनि उस्तै अवस्था छ । समन्वय समितिमै यमाहा कम्पनीको दुई लाख ५० हजार मूल्यको मोटरसाइकल प्रयोगविहीन अवस्थामा छ । जिल्ला वन कार्यालयमा बा १ ब ७६४५ नम्बरको होन्डा कम्पनीको मोटरसाइकल थन्किएर बसेको छ । उक्त मोटरसाइकलको मूल्य हालको अवस्थामा करिब छ लाख पर्छ । कृषि ज्ञान केन्द्रका पाँच र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका तीन मोटरसाइकल अलपत्र छन् । ज्ञान केन्द्रको नाममा रहेको लु १ ब ९४७, बा २ ख १६७७, लु १ ब ९४७, लु १ ब २७८ र लु १ ब २७९ नम्बरका मोटरसाइकल एकदमै जीर्ण अवस्थामा छन् । अधिकांश यामाहा कम्पनीका मोटरसाइकलको हालको मूल्य तीन/तीन लाखका दरले हिसाब गर्दा करिब १५ लाखका मोटरसाइकल ज्ञान केन्द्रका नाममा अलपत्र रहेको ज्ञान केन्द्रका सूचना अधिकारी शिव बञ्जाडेले जानकारी दिए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका नाममा बा २ ख ६२८८, लु १ ब ९०० र बा १ ब ९३९९ नम्बरका यमाहा कम्पनीका मोटरसाइकल प्रयोगविहीन छन् । गुल्मी अस्पतालका दुई एम्बुलेन्समा घाँस उम्रिएको छ । सिमिचौरमा सात वर्षपहिले दुर्घटनामा परेको लु १ झ २७९ नम्बरको एम्बलेन्सलाई मर्मत गर्नुको सट्टा चौरमा राखिएको छ ।

अस्पतालमै रहेको लु १ झ २३५ नम्बरको एम्बलेन्सको थप विवरण कतै छैन । दुवै एम्बुलेन्सको हालको मूल्य भन्सार छुट गर्दा करिब रु २५ लाख पर्छ । उक्त एम्बुलेन्सको व्यवस्थापनबारे कसैले चासो नदिँदा अलपत्र जस्तै छन् । गुल्मीको मदाने गाउँपालिका सिर्सेनी र पुर्कोट दहमा पनि सरकारी नम्बर प्लेटका दुई एम्बुलेन्स प्रयोगविहीन अवस्थामा छन् । पुर्कोट दहमा दुई बर्ष र सिर्सेनीमा चार महिनादेखि एम्बलेन्स प्रयोगविहीन अवस्थामा पुगेको स्वास्थ्य शाखा प्रमुख तीर्थ पन्थीले बताए । यसरी हेर्दा पनि गुल्मीमा करिब आठ करोड ५० लाख मूल्यभन्दा बढीका सरकारी सवारीसाधन अलपत्र अवस्थामा छन् ।

जिल्ला प्रशासन कार्यालय गुल्मीका अनुसार हाल जिल्लामा लिलाम गर्नुपर्ने अवस्थामा चारवटा गाडी र ३८ वटा मोटरसाइकल छन् । जिल्लामा ल्यापटप, कम्प्युटरलगायत सामग्री पनि लिलाम गर्नुपर्ने अवस्थाका भएकाले तिनीहरुको लिलामी प्रक्रिया अगाडि बढिसकेको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले जानकारी दिए । आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ७ मा लिलाम बिक्रीसम्बन्धी व्यवस्था गरिएको छ । "लिलामी प्रक्रिया सुरु गर्न हाम्रो कानुनले नदिँदो रहेछ," उनले भने, "जिल्लाका सवारीको लिलामी गर्न सँधै सरकारले नै कानुन बनाउनुपर्छ ।

*- रासस*

## खेलकुद समाचार

### गण्डकीलाई हराउदैं एपिएफ



**काठमाडौं, चैत १०/** प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लबले फाइनल सम्भावना कायमै राखेको छ।

आइतबार रुपन्देहीको एक्स्ट्राटेक ओभलमा भएको खेलमा गण्डकी प्रदेशलाई ३१ रनले पराजित गर्दै अंक तालिकाको तेस्रो स्थानको एपिएफले फाइनल सम्भावना कायमै राखेको हो। अन्तिम दुई खेलअघि एपिएफ १० अंक जोड्दै १० अंक जोडेको छ। शीर्ष स्थानको नेपाल पुलिस क्लबको अन्तिम दुई खेलअघि १४ अंक छ। एक खेल खेल्न बाँकी रहेको दोस्रो स्थानको त्रिभुवन आर्मी क्लबको पनि १४ अंक छ। अब एपिएफलाई फाइनलमा स्थान बनाउन आर्मीले अन्तिम खेल गुमाउँदा आफूले बाँकी रहेका दुवै खेल जित्न पर्नेछ। पुलिसले अन्तिम दुई खेल गुमाएर आफूले दुवै खेल जिते पनि एपिएफको फाइनल सम्भावना हुनेछ। आइतबार एपिएफले २५९ रनको लक्ष्य पछ्याएको गण्डकीलाई ८ विकेटको क्षतिमा २२७ रनमा रोक्यो। गण्डकीका लागि अर्जुन कुमालले ३९ रन र दिनेश बुढामगरले ३४ रन जोड्न सके। बलिङमा एपिएफका अभिषेक गौतमले ३ विकेट र अमरसिंह रटेउलाले २ विकेट लिए। त्यसअघि टस जितेको गण्डकीले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको एपिएफ ४९.२ ओभरमा २५८ रनमा अलआउट भयो। एपिएफका लागि ओपनिङ ब्याटर आसिफ शेखले ८० रन बनाए। उनले ७४ बलमा १० चौका र १ छक्का प्रहार गरे। अर्का ओपनर लोकेश बमले ४६ रन बनाए भने सुमित महर्जनले ३१ रन जोडे।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेको ओरालो यात्रा कायम



**पाल्पा, चैत ९/** साताको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ। अघिल्लो साताको सबै कारोबार दिन घटेको नेप्से परिसूचकले आइतबार पनि निरन्तरता पाएको हो ।

नेप्सेका अनुसार आइतबार परिसूचक ५४.६२ अंकले घटेर २६१४.६८ को विन्दुमा कायम भएको छ। यस दिन नेप्से परिसूचक घटे पनि कारोबार रकम भने बढेको छ । यस दिन ३१७ कम्पनीको एक करोड २३ लाख ७१ हजार २८० कित्ता शेयर ७२ हजार २६५ पटक खरिद बिक्री हुँदा ६ अर्ब ३२ करोड एक लाख ४१ हजार ३६५ रुपैयाँ बराबरको कारोबार भयो । यसअघि बिहीबार चार अर्ब ५६ करोड १३ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको थियो । यस दिनको कारोबारमा सबै समूहको उपसूचक घटेका छन् । सबैभन्दा बढी वित्त समूह २.९८ प्रतिशतले घटेको छ । बैंकिङ १.५५, विकास बैंक २.३०, होटल तथा पर्यटन २.३०, जलविद्युत् २.५०, लगानी २.१२, जीवन बीमा १.९७, उत्पादन तथा प्रशोधन १.४३, लघुवित्त २.३६, म्युचुअल ०.७१, निर्जीवन बीमा २.१५, अन्य १.७२ र व्यापार समूहको उपसूचक २.८३ प्रतिशतले घटेको छ । यस दिनको कारोबारमा मिथिला लघुवित्तको शेयर मूल्य १० प्रतिशतले घटेर नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा यस दिन सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ४२ करोड ६ लाख ३४ हजार ९८१ रुपैयाँ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै घलेम्दी हाइड्रो लिमिटेडको चार लाख ५४ हजार ३७१ कित्ता शेयर किनबेच भएको छ ।

## क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुखे वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

**क्षयरोगबाट बचन:**

- धूम्रपान तथा मद्यपान नगरौं,
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाच्छ्यूँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं,
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई